आज मिति २०८१ साल माघ २८ गते सोमबारको दिन बलेफी गाउँ कार्यपालिकाका अध्यक्ष श्री गङ्गा बहादुर तामाङज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः-

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गङ्गा बहादुर तामाङ | अध्यक्ष | |
| २.. | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री छविलाल न्यौपाने | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री रितेश तामाङ | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री सुर्जे तामाङ | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री यादव ठकुरी | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री तेज बहादुर पराजुली | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री गृविन्द्र कुमार चौलागाई | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री रमेश कुमार श्रेष्ठ | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२. | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३. | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४. | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५. | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६. | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७. | श्री लोकेन्द्र बहादुर राई | सचिव | |

Scanned with ACE Scanner

**प्रस्तावहरुः-**

१. सङ्घीय सरकारबाट प्राप्त समपुरक र विशेष अनुदानमा संचालित आयोजनाहरुको छनौट तथा प्राथमिकता निर्धारण गर्ने सम्बन्धमा
२. बागमती प्रदेश सरकारबाट प्राप्त समपुरक र विशेष अनुदानमा संचालित आयोजनाहरुको छनौट तथा प्राथमिकता निर्धारण गर्ने सम्बन्धमा
३. डेरी प्रवर्द्धन कार्यक्रमको संस्था तथा फर्म छनौट गर्ने सम्वन्धमा
४. अपाङ्गता भएका बालबालिका पहिचान शिविर कार्यक्रम सम्बन्धमा
५. विपन्न दलित सशक्तिकरण कार्यक्रम सम्बन्धमा,
६. सीपमूलक तालिम कार्यक्रम सम्बन्धमा,
७. विविध ।

**निर्णयहरुः-**

१. प्रस्ताव नं. १ सम्बन्धमा छलफल गर्दा आ.व. २०८२/८३ को नेपाल सरकारको समपूरक अनुदान र विशेष अनुदानमा आयोजना तथा कार्यक्रम संचालन गर्न तपसिल बमोजिम आयोजना तथा कार्यक्रमहरु छनौट तथा प्राथमिकीकरण गर्ने निर्णय सर्वसहमतमा गरियो।

**तपसिलः-**

क) समपूरक अनुदानतर्फ

अ. कोठे-विञ्जेल-धुस्कोट सडक निर्माण
आ. ज्यामिरे-देउराली-अदमारा सडक निर्माण
इ. खाडीचौर-पुरानोगाउँ-चिम्लिङ सडक निर्माण
ई. जलबिरे-फूल्पिङकोट-धुस्कोट-ओमपार्क सडक निर्माण

ख) विशेष अनुदानतर्फ

अ. शैक्षिक गुणस्तर सुदृढीकरण एवम् विद्यालय कार्यसम्पदान मूल्याङ्कन तथा शिक्षक क्षमता विकास कार्यक्रम
आ. कृषि उत्पादन तथा टनेल विउँ बिजन, औजार तथा संकलन केन्द्र निर्माण कार्यक्रम
इ. पोषण सुधार कार्यक्रम

२. कृषि प्रस्ताव नं. २ सम्बन्धमा छलफल गर्दा आ.व. २०८२/८३ को बागमती प्रदेश सरकारको समपूरक अनुदान र विशेष अनुदानमा आयोजना तथा कार्यक्रम संचालन गर्न तपसिल बमोजिम आयोजना तथा कार्यक्रमहरु छनौट तथा प्राथमिकीकरण गर्ने निर्णय सर्वसहमतमा गरियो।

Scanned with ACE Scanner

तपसिलः-

ग) समपूरक अनुदानतर्फ

अ. लामोसाँघु-टोप्का-पहरीगाउँ सडक निर्माण

आ. अधेरी-माङ्खा-ब्वाँसे सडक निर्माण

इ. जलबिरे-वनकाली-हगाम सडक निर्माण

उ. जघारे-अदमारा-डाँडागाउँ सडक निर्माण

ख) विशेष अनुदानतर्फ

अ. दुध संकलन, प्रशोधन तथा बजारीकरण कार्यक्रम

ई. कृषि तथा पशुपालन (गोठ सुधार कार्यक्रम, टनेल अनुदान) कार्यक्रम

उ. युवा लक्षित सिपमूलक कार्यक्रम

३. प्रस्ताव नं. ३ सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाको आ.व. २०८१।८२ को वजेट तथा कार्यक्रममा कृषि तथा पशु विकास कार्यक्रम तर्फ विनिजोजन भएको रू. ८,००,००० (आठ लाख) को डेरी प्रवर्द्धन कार्यक्रम संचालनको लागि मिति २०८१।०९।१७ गते सूचना जारी गरी निवेदन माग गरिएकोमा सो निवेदन बमोजिम प्राप्त निवेदनहरुमध्ये तपसिल बमोजिमका संस्था तथा फर्महरुलाई छनौट गरी संचालन गर्ने भनी निर्णय सर्वसहमतमा गरियो।

तपसिलः-

| क.सं. | संस्था तथा फर्मको नाम, ठेगाना | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १. | मेलडाँडा सामुदायिक कृषि सहकारी संस्था लि., बलेफी- ४ | २,००,००० | |
| २. | विन्जेल दुग्ध उत्पादक सहकारी संस्था, बलेफी- ४ | ४,४०,००० | |
| ३. | सुनकोशी डेरी तथा कुल्फी एण्ड आईसक्रिम, बलेफी-७ | १००,००० | |
| | जम्मा | ७,४०,००० | |

४. प्रस्ताव नं. ४ सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिका, सिन्धुपाल्चोक भित्र रहेका शारीरिक रुपमा अपाङ्गता भएका बालबालिकाहरुको पहिचान गर्न र उपचार प्रक्रिया बढाउन अपाङ्ग बाल अस्पताल तथा पुनस्थापन केन्द्र, बनेपासँगको सहकार्यमा शिविर संचालन गर्नको लागि शिर्षकवाट खर्च गर्ने गरी रु. ३,००,००० (तीन लाख) बजेट रकम व्यवस्था गर्ने भनी निर्णय सर्वसहमतमा गरियो।

५. प्रस्ताव नं. ५ सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिका, सिन्धुपाल्चोक र बागमती प्रदेश सरकार, सामाजिक विकास कार्यालय, काभ्रेपलाञ्चोकको साझेदारीमा संचालन हुने विपन्न दलित सशक्तिकरण

Scanned with ACE Scanner

श्री

मिति:२०८१/१०/२८

कार्यक्रम यस गाउँपालिकाको वडा नं.१, २, ३, ४, ५, ६, ७ र ८ मा संचालन गर्ने भनी निर्णय सर्वसहमतमा गरियो।

६. विविध क. सम्बन्धमा छलफल गर्दा वलेफी गाउँपालिकाको वडा नं. १ को वडा कार्यालय निर्माणको लागि साझा हाईड्रो पावरबाट प्राप्त सामाजिक उत्तरदायित्वको स्रोतबाट खरिद गर्ने निर्णय गरियो।

विविध ख. सम्बन्धमा छलफल गर्दा वलेफी गाउँपालिका जनतालाइ राष्ट्रिय परिचयपत्र बनाउन टोली पठाउनु हुन भनी श्री जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकलाई अनुरोध गर्ने निर्णय गरियो।

Scanned with ACE Scanner